apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्ष: १२ ● अंक: ११४ ● पृष्ठ: ४ ● २९ वैशाख २०८३ मंगलबार (12 May 2026, Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/




**अपराधमा प्रहरी**

मधेश प्रदेशमा सेटिङमा तस्करीदेखि असुलीका घटनासम्ममा प्रहरी कर्मचारीको संलग्नता

समाचार पृष्ठ ४

# सामान्य रिसइबीमै भारतीय सुटर प्रयोग गरी हत्या

### सिरहाका दुई गोलीकाण्डमा सीमापार अपराध सञ्जालको संलग्नता, प्रहरी अनुसन्धानले खोल्यो चकित पार्ने तथ्य



**शुभ नारायण कामती**
**सिरहा, वैशाख २८ गते**

सिरहामा भएका दुई फरक गोलीकाण्डमा भारतीय 'सार्प सुटर' प्रयोग गरिएको तथ्य खुलेपछि सीमावर्ती क्षेत्रमा आपराधिक सञ्जाल सक्रिय रहेको विषय पुनः चर्चामा आएको छ। सामान्य पारिवारिक तथा व्यक्तिगत रिसइबीका कारण भारतीय सुटर प्रयोग गरी हत्या र हत्या प्रयास गराइएको प्रहरी अनुसन्धानबाट खुलेको हो।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार गत माघ महिनामा सिरहा नगरपालिका-७ को बाँसघारीमा भएको हत्या तथा औरही गाउँपालिका-५ स्थित जितिया मन्दिरमा भएको गोली प्रहार घटनामा भारतीय सुटरको संलग्नता पुष्टि भएको छ।

प्रहरीका अनुसार २०८२ माघ १६ गते सिरहा नगरपालिका-७ बाँसघारीमा वडा नम्बर १ का ४२ वर्षीय प्रेमनाथ यादवमाथि गोली प्रहार गरी हत्या गरिएको थियो। घटनाको अनुसन्धानका क्रममा भारतीय 'सार्प सुटर' सहित दुई नेपाली नागरिकको संलग्नता खुलेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख एसपी वासुदेव पाठकले जानकारी दिए।

उनका अनुसार घटनाको अनुसन्धानका क्रममा करिब ८० जनासँग सोधपुछ गरिएको थियो भने कल डिटेल रेकर्ड (सीडीआर) विश्लेषण, घटनास्थल अध्ययन, बयान संकलन तथा आशंकित ६ जनाको पोलिग्राफ परीक्षणसमेत गरिएको थियो। अनुसन्धानमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) तथा प्रदेश प्रहरी कार्यालयको प्राविधिक सहयोगसमेत लिइएको प्रहरीले जनाएको छ।

प्रहरी अनुसन्धानअनुसार घटनाको मुख्य योजनाकार मृतककै छिमेकी सिरहा नगरपालिका-१ का ५२ वर्षीय उपेन्द्र यादव रहेका छन्। पारिवारिक मनमुटाव र पुरानो रिसइबीका कारण उनले हत्या गराउन भारतीय अपराधीको सहयोग लिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको एसपी पाठकले बताए।

"अभियुक्तले बदला लिन भारतीय अपराधीसँग सम्पर्क गरी हत्या गराउने योजना बनाएको देखिन्छ," एसपी पाठकले भने।

प्रहरीका अनुसार हत्या गर्न तीन लाख रुपैयाँमा 'सुपारी डिल' भएको थियो। जसमा एक लाख रुपैयाँ अग्रिम भुक्तानी गरिएको र बाँकी दुई लाख रुपैयाँ दिन बाँकी रहेको अनुसन्धानबाट खुलेको छ। घटनामा संलग्न उपेन्द्र यादवलाई कर्तव्य ज्यान मुद्दामा पक्राउ गरी जिल्ला अदालत सिरहाबाट म्याद

बाँकी पृष्ठ ३ ▶▶

# आशा गरिएको सरकारको कर्मकाण्डी नीति तथा कार्यक्रम, यसले बजेटको कस्तो संकेत गर्छ ?



**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २८ गते**

सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार संघीय संसदको संयुक्त बैठकमा सरकारको नीति तथा कार्यक्रम सार्वजनिक गरे। तर, विशेष परिस्थितिबाट उदाएको रास्वपा नेतृत्वको एकल बहुमतको सरकारले ल्याएको नीति तथा कार्यक्रम हेर्दा त्यति उत्साहजनक नदेखिएको अर्थविद्हरूले बताएका छन्।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष प्रकाशकुमार श्रेष्ठले सरकारको नीति तथा कार्यक्रममा केही नयाँ आशालाग्दा कार्यक्रम समेटिए पनि अधिकांश पुरानै कार्यक्रमहरूको निरन्तरता देखिएको बताएका छन्। सूचना प्रविधिको विकास एवं विस्तार, हरित ऊर्जा र हरित अर्थतन्त्रलाई सरकारले प्राथमिकता दिएको छ, जुन सकारात्मक भएको श्रेष्ठको भनाइ छ।

उनले भने, 'सरकारको नीति तथा कार्यक्रमले बजेटको ठूलो अपेक्षा गरेको छ तर, स्रोतले पुग्छ कि पुग्दैन भन्ने महत्त्वपूर्ण कुरा हो। नीति तथा कार्यक्रममा आउने तर बजेटमा आवश्यक स्रोत तथा साधनले नभ्याउने विगतका समस्याहरू छन्। यसपटक त्यस्तो नहोस् भन्ने हो।

सरकारले केही राम्रा कार्यक्रमहरू समेटे पनि प्रायः पुरानै कार्यक्रमहरूको निरन्तरता दिएको उनले बताए छ,

बाँकी पृष्ठ २ ▶▶

# बरियारपट्टीमा बेपत्ता तीन वर्षीय बालकको शव पोखरीमा फेला, गाउँ शोकमा



**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २८ गते**

सिरहाको बरियारपट्टी गाउँपालिका-४ सोहपुरमा दुई दिनदेखि बेपत्ता रहेका तीन वर्षीय बालकको शव पोखरीमा फेला परेको छ। बालकको हात खुट्टा काटेर हत्या गरिएको अवस्थामा शव फेला परेपछि गाउँ नै शोकमग्न बनेको छ भने परिवारजनको रोदनले वातावरण भावुक बनेको छ।

लक्ष्मीपुर पतारी गाउँपालिका-१ नवटोली निवासी भोगेन्द्र यादवका तीन वर्षीय छोरा अभियांशुकुमार यादव मामाघरमा बस्दै आएका थिए। उनी गत शनिबार दिउँसोदेखि अचानक सम्पर्कविहीन भएका थिए। परिवारजनले बालक घर आसपास खेलिरहेको अवस्थामा हराएको जानकारी दिएपछि स्थानीयवासीले खोजी सुरु गरेका थिए।

प्रारम्भिक चरणमा स्थानीयस्तरमै गाउँ, खेत, बारी तथा आसपासका क्षेत्रमा खोजी गरिए पनि बालकको कुनै अत्तोपत्तो लाग्न सकेको थिएन। त्यसपछि घरदेखि करिब ५० मिटर

बाँकी पृष्ठ ३ ▶▶

# सडक खाली गराउने भन्दै वडाध्यक्षले स्थानीयलाई रुखमा बाँधे

### औरही गाउँपालिका-३ मा अमानवीय व्यवहारको भिडियो सार्वजनिक, वडाध्यक्ष यादवमाथि कारबाहीको माग



**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २८ गते**

सिरहाको औरही नगरपालिका-३ मा सडक अतिक्रमण हटाउने नाममा वडाध्यक्षले एक स्थानीय नागरिकलाई रुखमा बाँधेको घटना सार्वजनिक भएपछि विवाद चर्किएको छ। वडाध्यक्ष जीवछ यादवमाथि स्थानीय वीरेन्द्र साहलाई रुखमा बाँधेर अमानवीय व्यवहार गरेको आरोप लागेको हो।

सोमबार बिहान भएको उक्त घटनाको भिडियो सामाजिक

बाँकी पृष्ठ ४ ▶▶

# मुख्यमन्त्री यादवले आगामी जेठ १ गते विश्वासको मत लिने

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २८ गते**

मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले आगामी जेठ १ गते विश्वासको मत लिने भएका छन्।

सोमबार जनकपुरधाममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको मन्त्रिपरिषद्को बैठकले आगामी जेठ १ गते विश्वासको मत लिने गरी प्रदेश प्रमुखको कार्यालयमा सिफारिस गर्ने निर्णय भएको मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले जानकारी दिए।



पाँच दलको समर्थनमा मुख्यमन्त्री बनेका नेपाली कांग्रेसका संसदीय दलका नेता कृष्णप्रसाद यादवलाई

बाँकी पृष्ठ ३ ▶▶




## शान्ति र सद्भाव कायम गरौं ।

- शान्ति, अहिंसा र करुणालाई जीवनमा अपनाऔं ।
- द्वेष, हिंसा र घृणालाई त्यागी मेलमिलाप र सहिष्णुता बढाऔं ।
- सत्य, सदाचार र नैतिक मार्गमा हिँडौं ।
- सबै प्राणीप्रति दया, प्रेम र सहानुभूति राखौं ।
- मद्यपान, लागूपदार्थ तथा नकारात्मक बानीबाट टाढा रहौं ।
- समाजमा शान्ति, सद्भाव र एकताको वातावरण निर्माण गरौं ।
- ध्यान, साधना र आत्मचिन्तनमार्फत सकारात्मक जीवनशैली अपनाऔं ।
- बुद्धका सन्देशहरूलाई नयाँ पुस्तासम्म पुऱ्याऔं ।
- सरल, संयमित र अनुशासित जीवन जिउन प्रेरित होऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# सम्पादकीय...

## सुकुम्बासीको पीडामा राज्यको भूमिका

मधेश प्रदेशका धनुषाको ढल्केवर, महोत्तरीको बर्दिवास र रौतहटको चन्द्रपुरलगायत विभिन्न स्थानमा भूमिहीन सुकुम्बासी समुदायले विरोध प्रदर्शन गरेको छ। उनीहरुले राज्यको दीर्घकालीन भूमि नीति प्रतिको प्रश्न उठाएको छ । सुकुम्बासी बस्तीमा डोजर चलाउन पाइँदैन, आवासको अधिकार सुनिश्चित गर र उठिवास बन्द गर जस्ता नाराले सहित विरोध प्रर्दशन गरेका छन्। नागरिक आफ्नो आधारभूत अधिकारको संरक्षणका लागि सडकमा उत्रिन पटक पटक बाध्य भएका छन् । नेपालको संविधानले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार, सुरक्षित आवासको अधिकार र सामाजिक न्यायको प्रत्याभूति गरेको छ। तर विडम्बना, दशकौंदेखि नदीकिनार, सार्वजनिक जग्गा वा खाली स्थानमा बसोबास गर्दै आएका हजारौं परिवार अझै कानुनी पहिचान र स्थायी बसोबासबाट वञ्चित छन्। उनीहरूलाई राज्यले करिब-करिब अदृश्य नागरिक जस्तै व्यवहार गर्दै आएको छ।

विकास, सौन्दर्यीकरण गर्ने वा अतिक्रमण हटाउने नाममा डोजर देशमा चलाउने गरिन्छ । तर भूमीहिन सुकुम्बासीहरुको समस्यामा र उनीहरूको जीवन, जीविकामाथि राज्यले निर्वाह गर्नुपर्ने भूमिका विगतमा पनि देखिएको छैन र अहिले पनि देखिएको छैन्। सार्वजनिक जग्गाको संरक्षण राज्यको जिम्मेवारी हो । अव्यवस्थित बसोबासलाई सधैँका लागि वैध ठहर गर्नु समाधान होइन। तर समस्या समाधानको नाममा वैकल्पिक व्यवस्था नगरी घर भत्काउनु अमानवीय कदम बन्न सक्छ। राज्यले कानुन कार्यान्वयनसँगै मानवीय संवेदनशीलतालाई पनि प्राथमिकता दिनुपर्छ। सुकुम्बासी समस्या केवल कानुनी विषय होइन। यो गरिबी, बेरोजगारी, सामाजिक विभेद र राज्यको विफल योजनासँग जोडिएको कारण नै हो। प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले अहिले देशभर भूमिहीन सुकुम्बासीलाई व्यवस्थित गर्ने अभियान सुरु गरेको छ। काठमाडौंमा डिजिटल माध्यमबाट तथ्यांक संकलन भइरहेको छ। यो अभियान पारदर्शी, निष्पक्ष र दीर्घकालीन योजनासहित अघि बढाइयो भने यसले लाखौं नागरिकको भविष्य सुरक्षित गर्न सक्छ। तर विगतमा नागरिकको लगत संकलन गरिएपनि निराशा बनाउने काम मात्र भएको छ।

यस अघि कयौं भूमीहिन सुकुम्बासी समस्या समाधान आयोग बन्यो र त्यसले तथ्यांक संकलन गरेपनि स्थायी समाधान गर्न सकेन्। त्यसैले अहिलेको अभियान कागजी प्रक्रिया वा राजनीतिक लोकप्रियताको साधन बन्नु हुँदैन। भूमिहीन सुकुम्बासी समस्या समाधान गर्न सरकारले स्पष्ट नीति लिन आवश्यक छ। वास्तविक भूमिहीनको पहिचान गरी उनीहरूलाई कानुनी रूपमा सुरक्षित आवास उपलब्ध गराइनुपर्छ। सार्वजनिक जग्गा संरक्षणका लागि दीर्घकालीन शहरी तथा भू-उपयोग योजना प्रभावकारी रूपमा लागू गरिनुपर्छ। कुनै पनि बस्ती हटाउनु अघि वैकल्पिक आवास, रोजगारी र पुनर्स्थापनाको सुनिश्चितता गरिनुपर्छ। लोकतान्त्रिक राज्यको भनेको ठूला विकास आयोजना वा चिल्ला सडक बनाएर मात्र हुँदैन। समाजका सबैभन्दा कमजोर नागरिकप्रति राज्य कति जिम्मेवार छ भन्ने कुराले पनि हुन्छ। भूमिहीन सुकुम्बासीमाथि डोजर चलाएर समस्या दबाउन सकिएला, समाधान गर्न सकिँदैन। समाधान संवाद, संवेदनशीलता र न्यायपूर्ण नीतिबाट मात्र सम्भव छ। विभिन्न स्थानमा भईरहेको प्रदर्शन सरकारका दिगो समाधान अपनाउने गरी सजग बनाउने प्रयास नै हो। त्यही भएर प्रधानमन्त्री बालेन्द्र शाह र उनको टिमले यस विषयलाई गम्भीरतापूर्वक लिएर समाधान निकाल्नु पर्छ।



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

# आशा गरिएको सरकारको कर्मकाण्डी नीति तथा कार्यक्रम ...............

जसले आशा गरिएजस्तो उत्साहित हुने अवस्था नरहेको पनि उनको भनाइ छ।

सरकारको नीति तथा कार्यक्रममा केही सुशासन र पारदर्शिताका सवालबाहेक अरु खास उत्साहति हुने खालका विशेष कार्यक्रम तथा घोषणाहरू खासै भेटिँदैन, जुन अघिल्ला सरकारहरूकै नीति तथा कार्यक्रमहरूकै निरन्तरताको महसुस हुन्छ । तथापि, रास्वपा सरकारको नीति तथा कार्यक्रममा आर्थिक सुधार, सुशासन, डिजिटल रूपान्तरण, कृषि आधुनिकीकरण, ऊर्जा विस्तार र रोजगारी सिर्जनालाई मुख्य प्राथमिकतामा राखेको छ।

सरकारले आगामी दशकमा औसत ७ प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने लक्ष्यसहित 'नयाँ चरणको आर्थिक सुधार' नीति अघि बढाउने घोषणा गरेको छ । भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता अपनाइने, नगदरहित (क्यासलेस) बैंकिङ कारोबार तथा डिजिटल अर्थतन्त्र निर्माणमा सरकारले विशेष जोड दिएको छ, जुन केपी ओली नेतृत्वको अघिल्लो सरकारले ल्याएको नीति तथा कार्यक्रममा पनि समेटिएको थियो । सरकारले कर प्रणालीलाई उद्यममैत्री बनाउने उल्लेख गरेको छ।

### सम्पत्ति शुद्धीकरणको मुद्दा र सहकारी

खासमा रास्वपा सरकारको नीति तथा कार्यक्रममा सम्पत्ति शुद्धीकरणविरुद्धको मुद्दा र सहकारीको समस्या व्यवस्थापनको विषय मुख्य प्राथमिकतामा परेको देखिन्छ। उसो त, चुनावअघि रास्वपाले भोट माग्न लिपिबद्ध गरेको आफ्नो वाचापत्र र सरकारको नेतृत्व गरेलगत्तै सार्वजनिक गरेको एक सय रणनीतिक कार्यक्रममा समेत सहकारीको मुद्दालाई विशेष उठान गरेको थियो।

सरकारले सहकारी क्षेत्रमा देखिएको संकट समाधानका लागि एकीकृत बचतकर्ता सुरक्षा कोष स्थापना गर्ने र समस्याग्रस्त सहकारीका बचतकर्ताको बचत रकम फिर्ता गर्ने बताएको छ, जुन सरकारले अध्यादेशमार्फत संशोधन गरेको सहकारी ऐन, २०७४ (पहिलो संशोधन) ले समेत व्यवस्था गरेको छ।

सम्पत्ति शुद्धीकरणसम्बन्धी गतिविधि हेर्ने अन्तर्राष्ट्रिय नियकाय एफएटीएफको ग्रे लिस्टबाट मुक्त हुने प्रमुख उपाय र समस्या सहकारीलाई देखेको सरकारले यस क्षेत्रको सुधार र नियन्त्रणमा निर्मम बन्ने आफ्नो नीति तथा कार्यक्रमै उल्लेख गरेको छ।

त्यसैगरी, सरकारले पुँजीबजार सुधार, नेप्से तथा क्लियरिङ प्रणाली पुनर्संरचना र संस्थागत लगानी विस्तार गर्ने योजना अघि सारेको छ, जुन अघिल्ला सरकारहरूकै नीति तथा कार्यक्रमको निरन्तरता हो।

यसैगरी, सूचना प्रविधिलाई राष्ट्रिय रणनीतिक उद्योग घोषणा गर्दै नेपाललाई 'टेक हब' बनाउने लक्ष्य लिने सरकारले बताएको छ।

### आईटी क्षेत्रको प्राथमिकता

विशेष गरी सूचना तथा प्रविधिको क्षेत्र (आईटी)लाई प्राथमिकतामा राखेको सरकारले 'लगानी एक्सप्रेस' कार्यक्रम अघि सारेको छ। आईटी अर्थात् सूचना तथा प्रविधिको विकास, उद्यम र प्रविधिको निर्यात गर्ने उद्योगका लागि विशेष सेवा सुविधा र व्यावसायिक सहुलियत दिने घोषणा गर्दै सरकारले ३० दिनभित्र लगानीसम्बन्धी सम्पूर्ण अनुमति दिने गरी 'लगानी एक्सप्रेस' कार्यक्रम अघि सारेको हो । साथै, आईटीसँगै अरु लगानीका क्षेत्रमा सरकारले तोकेभन्दा बढी लगानी ल्याउन चाहने लगानीकर्ताहरूका लागि सरकारले 'नेपाल लगानी भिसा' उपलब्ध गराउनेसमेत घोषणा गरेको छ।

कृषि क्षेत्रमा उत्पादन वृद्धि, यन्त्रीकरण र एग्रीटेक विस्तारमा सरकारले विशेष जोड दिएको छ। यद्यपि, यो खास नयाँ कार्यक्रम भने होइन। व्यासायिक कृषि उत्थानका लागि सरकारले मुख्य कृषि बालीको न्यूनतम समर्थन मूल्य लागू गरिने, बाँझो जमिन उपयोगका लागि भूमि बैंक प्रणालीको नीति लागू गर्ने तथा जैविक मल र रैथाने बाली प्रवर्द्धन गरिने नीति सरकारले अघि सारेको छ।

तर, नेपालमै रासायनिक मल कारखाना खोल्ने यसअघिको सरकारको प्रस्ताव भने यो सरकारले खारेज गरेको छ। अर्थात् झण्डै दुईतिहाइ बहुमतको सरकारले ल्याएको नीति तथा कार्यक्रममा मल कारखानाको मुद्दा समावेश छैन।

### १० वर्ष, ३० हजार मेगावाट विद्युत् उत्पादन

सरकारले अघि सारेको महत्त्वाकांक्षी योजनामा जलविद्युत् परेको छ । आगामी १० वर्ष (दशक)मा ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने महत्वाकांक्षी लक्ष्य सरकारले नीति तथा कार्यक्रममा राखेको छ। तथापि, अघिल्ला सरकारका नीति तथा कार्यक्रमहरूमा पनि जलविद्युत् उत्पादनको मुद्दा विशेष प्राथमिकतामा पर्दैआएको थियो।

साथै, सरकारले हरित हाइड्रोजन, हरित उद्योग तथा अन्तरदेशीय ऊर्जा व्यापार विस्तारलाई प्राथमिकता दिइएको छ।

पर्यटन क्षेत्रमा 'देवभूमि नेपाल' अभियान सञ्चालन गर्दै धार्मिक, सांस्कृतिक र साहसिक पर्यटन प्रवर्द्धन गरिने कार्यक्रम सरकारले नीति तथा कार्यक्रममा राखेको छ। पाँच हजार नयाँ होमस्टे सञ्चालन तथा पोखरा र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा थप अन्तर्राष्ट्रिय उडान आकर्षित गर्ने योजना सरकारले नीति तथा कार्यक्रममा समेटिएको छ।

### रोजगार प्रवर्द्धन दशक घोषणा

सरकारले रोजगारी र श्रम क्षेत्रलाई विशेष प्राथमिकता दिँदै 'रोजगार प्रवर्द्धन दशक' घोषणा गरेको छ । स्टार्टअप बिजनेस, युवा, महिला तथा साना एसएमईज व्यवसायको क्षेत्रलाई प्रवर्द्धन गर्दै आन्तरिक रोजगारी वृद्धि गर्ने जनाएको सरकारले स्वदेशमै रहेर विदेशमा काम गर्न सक्ने 'रिमोट वर्क' कार्यक्रमका लागि कानुनी व्यवस्था गर्नेसमेत नीति तथा कार्यक्रममा उल्लेख गरेको छ। साथै, वैदेशिक रोजगारीबाट फर्किएका युवाको सीपलाई डिजिटल 'सीप पासपोर्ट'मा अभिलेखीकरण गर्नेसमेत बताएको छ।

### १० हजार विद्यालयमा उच्चगतिको इन्टरनेट

शिक्षातर्फ माध्यमिक तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गर्ने जनाएको सरकारले नीति तथा कार्यक्रममा १० हजार विद्यालयमा उच्च गतिको इन्टरनेट सेवा विस्तार गर्ने र एआईमा आधारित सिकाइ प्रणाली विस्तार गर्ने कार्यक्रम अघि सारेको छ। पढ्दै कमाउँदै कार्यक्रम अघिल्ला सरकारहरूले जस्तै रास्वपा नेतृत्वको सरकारले पनि आफ्नो नीति तथा कार्यक्रममा समेटेको छ।

महत्त्वपूर्ण पक्ष यस सरकारले स्वास्थ्य बीमा कार्यक्रमको पुनर्संरचना गर्ने बताएको छ । खास आर्थिक भारका कारण प्रभावकारी बन्न नसकेको स्वास्थ्य बीमा कार्यक्रम समयसापेक्ष परिमार्जन गर्ने सरकारको नीति रहेको छ । साथै, सरकारले टेलिहेल्थमार्फत दुर्गम क्षेत्रमा विशेषज्ञ स्वास्थ्य सेवा विस्तार गर्नेसमेत नीति तथा कार्यक्रममा उल्लेख गरेको छ।

२०८७ सालसम्म सबै नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराउने सरकारले प्रतिबद्धता जनाएको छ।

पूर्वाधारतर्फ काठमाडौं-तराई द्रुतमार्ग शीघ्र सम्पन्न गर्ने, काठमाडौंमा बीआरटी प्रणाली सुरु गर्ने तथा केरुङ-काठमाडौं र रक्सौल- काठमाडौं रेलमार्गको अध्ययन अगाडि बढाउने योजना सरकारले अघि सारेको छ।

### नीति तथा कार्यक्रमका मुख्यमुख्य बुँदाहरू:

- भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता र सुशासनलाई प्राथमिकता।
- आगामी दशकमा औसत ७ प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य।
- नगदरहित, पारदर्शी र डिजिटल अर्थतन्त्र निर्माण।
- कर संरचना पुनरावलोकन गरी उद्यमी र मध्यम वर्गको करभार घटाउने।
- सहकारीपीडितको रकम फिर्ताका लागि एकीकृत बचतकर्ता सुरक्षा कोष स्थापना गर्ने।
- पुँजीबजार सुधार, नेप्से र क्लियरिङ प्रणाली पुनर्संरचना गर्ने।
- सूचना प्रविधिलाई राष्ट्रिय रणनीतिक उद्योगको रूपमा घोषणा गर्ने।
- 'लगानी एक्सप्रेस' नीति लागू गरी ३० दिनभित्र लगानीसम्बन्धी अनुमति।
- विदेशी लगानीकर्तालाई 'नेपाल लगानी भिसा'को व्यवस्था गर्ने।
- स्टार्टअप नेपाल पोर्टलमार्फत एकै दिन कम्पनी दर्ता सेवा प्रदान गर्ने।
- कृषि आधुनिकीकरण, यन्त्रीकरण र एग्रीटेक सेवा विस्तार गर्ने।
- मुख्य कृषि बालीको न्यूनतम समर्थन मूल्य कार्यान्वयन लागू गर्ने।
- बाँझो जमिन उपयोग गर्न भूमि बैंक प्रणालीको व्यवस्था गर्ने।
- जैविक मल र रैथाने बाली प्रवर्द्धन गर्ने।
- वन क्षेत्रबाट काठ, जडीबुटी र कार्बन व्यापार विस्तार गर्ने।
- 'नेपाल कार्बन प्राधिकरण' गठन गर्ने।
- काठमाडौं उपत्यकाको वायु गुणस्तर सुधार कार्यक्रम लागू गर्ने।
- आगामी दशकमा ३० हजार मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य।
- हरित हाइड्रोजन र हरित उद्योग प्रवर्द्धन गर्ने।
- नयाँ राष्ट्रिय औद्योगिक नीति ल्याइने।
- महिला उद्यमशीलता विकास रणनीति लागू गर्ने।
- पोखरा र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा थप अन्तर्राष्ट्रिय उडान आकर्षित गर्ने।
- 'देवभूमि नेपाल' अभियानमार्फत धार्मिक पर्यटन प्रवर्द्धन गर्ने।
- पाँच हजार नयाँ होमस्टे सञ्चालन र ब्रान्डिङ गर्ने।
- 'रोजगार प्रवर्द्धन दशक' घोषणा गर्ने।
- स्वदेशमा बसेर विदेशी काम गर्नेका लागि रिमोट वर्क नीतिको कानुनी व्यवस्था गर्ने।
- माध्यमिक तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गर्ने।
- १० हजार विद्यालयमा उच्चगतिको इन्टरनेट र एआईमा आधारित सिकाइ प्रवर्द्धन गर्ने।
- खेलकुदको व्यासायीकरण र राष्ट्रिय स्वयंसेवक कार्यक्रम लागू गर्ने।
- आगामी आर्थिक वर्षभित्र सडक बालबालिकामुक्त नेपाल घोषणा गर्ने।
- स्वास्थ्य बीमा कार्यक्रमको पुनर्संरचना गर्ने।
- टेलिहेल्थमार्फत दुर्गम क्षेत्रमा विशेषज्ञ स्वास्थ्य सेवा विस्तार गर्ने।
- २०८७ सम्म सबै नागरिकलाई स्वच्छ खानेपानी र सरसफाइ सुविधा उपलब्ध गराउने।
- काठमाडौं-तराई द्रुतमार्ग शीघ्र सम्पन्न गर्ने।
- काठमाडौंमा बीआरटी प्रणाली सुरु गर्ने।
- केरुङ-काठमाडौं र रक्सौल-काठमाडौं रेलमार्ग अध्ययन अगाडि बढाउने।
- किफायती आवास कार्यक्रम सञ्चालन गर्ने।
- डिजिटल सुशासन र सरकारी क्लाउड पूर्वाधार विकास गर्ने।
- नेपाललाई अन्तर्राष्ट्रिय चलचित्र छायांकन गन्तव्यका रूपमा विकास गर्ने।

# आजको राशिफल

**मेष :** आजको दिन आम्दानीका नयाँ मार्गहरू प्रशस्त हुनेछन्। रोकिएको धन फिर्ता मिल्ने योग छ।

**बृष :** कार्यक्षेत्रमा तपाईंको वर्चस्व कायम रहनेछ। नयाँ रोजगारीको अवसर वा पदोन्नतिको सम्भावना छ।

**मिथुन :** भाग्यले पूर्ण साथ दिनेछ। रोकिएका धार्मिक वा मांगलिक कार्यहरू सुचारु हुनेछन्।

**कर्कट :** आजको दिन स्वास्थ्यमा केही उतारचढाव आउन सक्छ, त्यसैले सावधानी अपनाउनुहोला।

**सिंह :** दाम्पत्य जीवन सुखमय रहनेछ। व्यापार व्यवसायमा राम्रो मुनाफा आर्जन हुनेछ।

**कन्या :** आज शत्रुहरू परास्त हुनेछन् र पुराना विवादहरू सल्टिनेछन्। स्वास्थ्यमा सुधार आउनाले मन प्रसन्न रहनेछ।

**तुला :** विद्यार्थी वर्गका लागि अध्ययनमा रुचि बढ्ने र नतिजा राम्रो आउने समय छ।

**वृश्चिक :** पारिवारिक विषयलाई लिएर केही मानसिक तनाव हुन सक्छ। घरजग्गाको कारोबारमा सावधानी अपनाउनुहोला।

**धनु :** दाजुभाइ र सहयोगीहरूको साथले कठिन कामहरू पनि सहजै सम्पन्न हुनेछन्।

**मकर :** आर्थिक पक्ष बलियो रहनेछ। वाणीको प्रभावले बिग्रिएका सम्बन्धहरू सुध्रिनेछन्।

**कुम्भ :** चन्द्रमा आज तपाईंको आफ्नै राशिमा रहने हुनाले आत्मविश्वास र ऊर्जा उच्च रहनेछ।

**मीन :** आज खर्चको मात्रा अलि बढ्न सक्छ, त्यसैले फजुल खर्चमा नियन्त्रण राख्नुहोला।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# २९ दिनमै एसईईको नतिजा, ४ प्रतिशत बढीले सुधार

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २८ गते**




राष्ट्रिय परीक्षा बोर्डले २०८२ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा २९ दिनमा सार्वजनिक गर्‍यो। सोमबार सार्वजनिक गरेको नतिजामा ६५.९८ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन्। यो नतिजा गत वर्षभन्दा ४.१७ प्रतिशतले बढेको हो।

२०८१ मा ६१.८१ प्रतिशत विद्यार्थी ग्रेडड भएका थिए। यसवर्ष परीक्षामा सबैभन्दा बढी जीपीए (३.६० देखि ४.००) ल्याउने विद्यार्थीको संख्या ४८ हजार ३ सय ९२ छ। ४ लाख ३० हजार ६६७ विद्यार्थीमध्ये सबैभन्दा बढी ३.६० देखि ४.०० जीपीए ल्याउनेको छ।

जीपीए ३.२० देखि ३.६० सम्म ल्याउने विद्यार्थीको संख्या ८० हजार ३७२ रहेको छ। २.८० देखि ३.२० सम्मको जीपीए ल्याउने विद्यार्थीको संख्या ९४ हजार २२२ रहेको छ। ५५ हजार ९७७ विद्यार्थीले यस वर्ष २.४० देखि २.८० जीपीए ल्याएका छन्। जीपीए २.०० देखि २.४० सम्म ल्याउने विद्यार्थीको संख्या ५ हजार १९० रहेका छन्। १.६० देखि २.०० जीपीए ल्याउने विद्यार्थीको संख्या ७ जना रहेको बोर्डले जनाएको छ।

प्रदेश अनुसार, यो वर्ष वर्गीकृत विद्यार्थी कोशीमा ५० हजार ८९०, मधेशमा ४४ हजार ५९२, बागमतीमा ७७ हजार ११३, गण्डकीमा २६ हजार ५५०, लुम्बिनी ४४ हजार २५६, कर्णाली १९ हजार ९५ र सुदूरमपश्चिमा २१ हजार ६६४ छन्।

सरकारले १ महिनाभित्र नतिजा सार्वजनिक गर्न निर्देशन दिए अनुसार बोर्डले नतिजा सार्वजनिक गरेको हो। '३० दिनभित्र नतिजा सार्वजनिक गर्न सरकारले निर्देशन दिएको थियो। २९ दिनमै नतिजा प्रकाशित भएको छ,' परीक्षा नियन्त्रक टुकराज अधिकारीले भने, 'परीक्षा केन्द्रमा नै उत्तरपुस्तिका परीक्षण गरेकाले छिटो नतिजा सार्वजनिक गर्न सम्भव भएको हो।'

विगतका वर्षहरूमा ३ महिनामा नतिजा सार्वजनिक हुने गरेको थियो। विद्यार्थीलाई तनाव हुन नदिन सरकारले १ महिनामा नतिजा सार्वजनिक गर्न भनेको हो।

त्यसैले यसवर्ष परीक्षा केन्द्रमा नै परीक्षण गर्दा धेरै विद्यार्थी उत्तीर्ण हुने आशंकासहित प्रश्नहरू पनि उठेको थियो। तर शिक्षकहरूले आफ्नो मर्यादामा रहेर नै उत्तरपुस्तिका परीक्षण गरेको नियन्त्रक अधिकारीले बताए। 'परीक्षण राम्रो हुँदैन भन्ने आशंका थियो। तर नतिजाको आकडाले चिरेको छ। शिक्षक साथीहरूले इथिक्समा रहेर परीक्षण गर्नुभएको छ,' उनले भने।

नतिजा सुधार हुनुमा विद्यार्थी र शिक्षकको प्रयत्नले भएको बोर्डको निष्कर्ष छ। प्राध्यापक डा. विद्यानाथ कोइराला नतिजा सुधार हुनुमा तीन कारण देख्छन्।

'धेरै स्कुलले तीन महिना स्कुलमै राखेर पढाएको छ। खाने बस्ने व्यवस्था स्कुलमै थियो। दोस्रो परीक्षा केन्द्रमा नै उत्तरपुस्तिका परीक्षण गरियो। तेस्रो विद्यार्थीलाई पहिला नै प्रश्नपत्रको मोडेल दिने चलन छ। यी तीन कारणले नतिजामा सुधार आएको देखिन्छ,' प्रा.डा. कोइरालाले भने।

परीक्षामा १ लाख ४६ हजार ५०७ विद्यार्थी नन ग्रेडेड (अवर्गीकृत) भएका छन्। मधेश प्रदेशका ३१ हजार ७२५ विद्यार्थी नन् ग्रेडेड (अवर्गीकृत) भएका छन्। यो प्रदेशबाट ७६ हजार ३१७ विद्यार्थी सहभागी थिए।

नतिजा अनुसार नन् ग्रेडेड भएका विद्यार्थी कोशीमा २१ हजार ३६६, बागमतीमा २१ हजार ७०४ र गण्डकीमा ९ हजार ९४३ छन्। त्यस्तै, लुम्बिनीका २७ हजार ८९३, कर्णालीका १३ हजार २४१ र सुदूरपश्चिमका २० हजार ६३५ विद्यार्थी नन् ग्रेडेड भए।

यी विद्यार्थीका लागि के गर्ने भनेर सरकारले सोच्नुपर्ने बताउँछन्, प्राध्यापक कोइराला। 'अनुत्तीर्ण भएका विद्यार्थीलाई के गर्ने ? उनीहरूलाई गरीखाने कसरी बनाउने त्यसमा सोच्नुपर्छ,' उनले भने।

बोर्डले अनुत्तीर्ण भएका विद्यार्थीका लागि पुरक परीक्षाको पनि मिति तोकेको छ। असार १ देखि ९ गतेसम्मको लागि पुरक परीक्षाको समय तोकिएको छ।

नतिजामा चित्त नबुझेमा पुनर्योगको लागि पनि बोर्डले समय दिएको छ। १ जेठदेखि ७ गतेसम्मको लागि पुनर्योगको सयम दिइएको छ। कसैको त्रुटि भएमा सच्याउने बोर्डले जनाएको छ।

सोमबार सार्वजनिक नतिजामा सामुदायिक र निजी विद्यालयको उत्तीर्ण प्रतिशत सार्वजनिक गरिएको छैन। 'आज नभ्याएर सार्वजनिक नगरिएको हो। भोलि गर्छौं' नियन्त्रक अधिकारीले भने। ४ जीपीए ल्याउनेको संख्या पनि बोर्डले सार्वजनिक गरेको छैन।

# घूस लिँदै गर्दा पक्राउ परेका दासमाथि भ्रष्टाचार मुद्दा दर्ता

**अपन दैनिक संवाददाता**
**राजविराज, वैशाख २८ गते**



अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घूस रकम लिँदै गर्दा पक्राउ गरेका नेपाल विद्युत् प्राधिकरण कञ्चनपुर वितरण केन्द्र, सप्तरीका प्रमुख इन्जिनियर महेन्द्रकुमार दासमाथि भ्रष्टाचार मुद्दा दर्ता गराएको छ। सोमबार दासमाथि विशेष अदालतमा भ्रष्टाचार मुद्दा दर्ता गराएको हो।

चार्जिङ स्टेसनका लागि राखिएको ट्रान्सफर्मरमा विद्युत् प्रवाह गरिदिने भनी दासले सेवाग्राहीसँग घूस मागेको उजुरी परेको थियो। सोही आधार खटिएको आयोगको इटहरीस्थित टोलीले गत चैत २३ मा दासलाई हनुमाननगर कंकालिनी नगरपालिका-१ भारदहस्थित एक होटलबाट १ लाख ४० हजार रुपैयाँ घूस लिँदै गर्दा पक्राउ गरेको थियो।

नियमअनुसार राखिएको ट्रान्सफर्मरमा विद्युत् प्रवाह गर्न बार्गेनिङ गरेको र घूस नदिए विद्युत् काटिदिने धम्की दिएको पाइएकाले दासमाथि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ बमोजिम कसुरमा सोहीबमोजिम बिगो, कैद र जरिवाना मागदाबी लिइ मुद्दा दर्ता गरिएको हो।

# मधेश प्रदेशसभाको सातौँ अधिवेशन आह्वान

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, वैशाख २८ गते**




मधेश प्रदेशसभाको सातौं अधिवेशन आह्वान भएको छ। सोमबार मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) को बैठकले मधेश प्रदेशसभाको सातौं अधिवेशन आह्वान गर्ने निर्णयानुसार प्रदेश प्रमुखलाई सिफारिस गरेको थियो।

मधेश प्रदेश प्रमुखको कार्यालयका सचिव नारायणप्रसाद दाहालद्वारा सोमबार जारी विज्ञप्तिमा नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम माननीय प्रदेश प्रमुखबाट

बाँकी पृष्ठ ४ ▶▶

## सामान्य रिसइबीमै भारतीय सुटर ............

थप गरेर अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ।

यसैबीच, २०८२ माघ ४ गते औरही गाउँपालिका-५ स्थित जितिया मन्दिरमा पुजारी ५५ वर्षीय श्यामसुन्दर शर्मामाथि भएको गोली प्रहार घटनामा पनि भारतीय सुटरकै प्रयोग गरिएको खुलेको छ।

मन्दिरभित्र चुकुल लगाएर सुतिरहेको अवस्थामा शर्माको टाउको पछाडिबाट गोली प्रहार गरिएको थियो। गम्भीर घाइते भएका उनको विराटनगरमा तीन सातासम्म उपचार गरिएको थियो।

प्रहरी अनुसन्धानअनुसार सो घटनाका मुख्य योजनाकार स्थानीय ५५ वर्षीय हरि ठाकुर रहेका छन्। पारिवारिक रिसइबीकै कारण उनले भारतीय सुटरलाई ५० हजार रुपैयाँ दिएर गोली प्रहार गराएको खुलेको एसपी पाठकले बताए।

घटनामा संलग्न ठाकुरलाई पनि पक्राउ गरी जिल्ला अदालत सिरहाबाट म्याद थप गरेर अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

सिरहामा सामान्य विवाद र पारिवारिक मनमुटावसमेत सीमापार आपराधिक सञ्जालमार्फत हिंसात्मक घटनामा रूपान्तरण हुन थालेपछि सुरक्षा चुनौती थप गम्भीर बन्दै गएको सुरक्षा जानकारहरूको भनाइ छ।

# पाठेघर जाँच शिविरमा महिलाको घुइँचो

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २८ गते**




लहान नगरपालिका-१६ तरेगनास्थित स्वास्थ्य चौकीमा अन्य दिनको तुलनामा सोमबार बढी भीडभाड थियो। त्यसमा पनि खासगरी महिला धेरै थिए। उनीहरू यसरी यहाँ पाठेघरको जाँच गराउन आइपुगेका हुन्।

लहान नगरपालिकाको सहयोगमा लहान क्यान्सर केयर सेन्टरले स्वास्थ्य चौकीमा पाठेघर जाँच शिविर चलाएको थियो। यहाँ पहिलोपल्ट यस्तो शिविर चलाइएको भने होइन, यसरी नै नगरपालिकाका २४ वटै वडामा एक वर्षदेखि पाठेघर जाँच शिविर चल्दै आएको छ।

यस अवधिमा नगरपालिकाभरिमा

बाँकी पृष्ठ ४ ▶▶

## मुख्यमन्त्री यादवले आगामी जेठ १ गते विश्वासको .............

दिएको समर्थन एक दल अर्थात् जनमत पार्टीका संसदीय दलका नेता चन्दनकुमार सिंहले फिर्ता लिएपछि ३० दिन भित्रमा मुख्यमन्त्रीले विश्वासको मत दिनुपर्ने संवैधानिक प्रावधानअनुसार जेठ १ गते विश्वासको मत लिन लागेका हुन्।

मधेश प्रदेशसभामा नेपाली कांग्रेस, जनता समाजवादी पार्टी नेपाल, नेपाली कम्युनिष्ट पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी नेपालका बीचमा गठबन्धन कायम राख्ने हिजो चारै दलको बैठकले सहमति गरेपछि मन्त्रिपरिषद्को बैठकले जेठ १ गते विश्वासको मत लिने निर्णय गरेको छ।

मधेश प्रदेशसभामा नेपाली कांग्रेसका २२, जनता समाजवादी पार्टीका १७, नेपाली कम्युनिष्ट पार्टीका १५ र लोकतान्त्रिक समाजवादी पार्टी नेपालका आठ जना प्रदेशसभा सदस्य छन्। चार दलको बीचमा गठबन्धन कायम रहेको खण्डमा वर्तमान मुख्यमन्त्रीको पक्षमा ६२ जनाको समर्थन देखिने छ।


- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म
अपन दैनिक पत्रिका


## बरियारपट्टीमा बेपत्ता तीन वर्षीय बालकको शव ............

उत्तरतर्फ रहेको पोखरीमा बालक डुबेको हुनसक्ने आशंकामा प्रहरीलाई खबर गरिएको थियो।

घटनापछि सशस्त्र प्रहरी बल नेपालले महोत्तरीको बर्दिबासस्थित बाहिनीबाट विशेष गोताखोर टोली परिचालन गरेको थियो। गोताखोर टोलीले सोमवार बिहानदेखि पोखरीको गहिराइसम्म पुगेर खोजी कार्य सञ्चालन गरेको थियो। लामो खोजीपछि पोखरीभित्र बालकको शव फेला परेको सशस्त्र प्रहरीले जनाएको छ।

सशस्त्र प्रहरी बल सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक सुमनजंग थापाले विशेष टोली परिचालन गरेर खोजी गरिएको र सोही क्रममा बालकको शव फेला परेको जानकारी दिए। उनका अनुसार घटनाबारे थप अनुसन्धान भइरहेको छ।

बरियारपट्टी गाउँपालिका-४ का वडाध्यक्ष नवीन यादवले सुरुमा स्थानीयवासीले व्यापक खोजी गरे पनि पत्ता नलागेपछि सशस्त्र प्रहरीको सहयोग लिइएको बताए। उनले बालकको शव फेला परेपछि गाउँभर शोक छाएको उल्लेख गरे।

स्थानीयवासीका अनुसार अभियांशु निकै चञ्चल र सबैसँग घुलमिल हुने स्वभावका बालक थिए। अचानक भएको घटनाले परिवार मात्र होइन, सिंगो गाउँ नै स्तब्ध बनेको छ।

बालकको शव पोस्टमार्टमका लागि पठाउने तयारी भइरहेको प्रहरीले जनाएको छ। घटनाबारे आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको छ।


## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर :

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ।
- दिमागमा असर पर्नसक्छ।
- समयमा नसुत्न सक्छन्।
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन्।
- एकान्तमा बस्न मन पराउन सक्छन्।
- झिज्याहट हुन सक्छ।
- साथीहरूसँग घुलमिल नहुन सक्छन्।
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्।
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं।

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सिरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)

अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# राष्ट्रिय सरसफाइ सप्ताह सुरु



**अपन दैनिक संवाददाता**
**काठमाडौं, वैशाख २८ गते**

सरकारले सरकारी निकाय र सार्वजनिक संस्थामा सरसफाइलाई संस्थागत गर्न देशव्यापी 'राष्ट्रिय सरसफाइ सप्ताह' सुरु गरेको छ।

अभियानको सोमबार वीर अस्पतालमा सरसफाइ गरेर स्वास्थ्य तथा जनसंख्यामन्त्री निशा मेहताले शुभारम्भ गरेकी हुन्।

सरकारले सोमबारदेखि ८ जेठसम्म संघ, प्रदेश र स्थानीय तहअन्तर्गतका सरकारी कार्यालय, स्वास्थ्य संस्था तथा शैक्षिक संस्थामा सरसफाइ अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो।

कार्यक्रममा मन्त्री मेहताले सरसफाइलाई दैनिक व्यवहारमा रूपान्तरण गर्नुपर्नेमा जोड दिइन्। वीर अस्पताल देशकै पुरानो र सबैभन्दा बढी सेवाग्राही चाप रहेको अस्पताल भएकाले यहींबाट सरसफाइ अभियान सञ्चालन गरेको उनले जानकारी दिइन्।

सरसफाइसँगै अब सरकारी कार्यलयमा रहेका सूचना बोर्ड, नागरिक वडापत्र र सङ्केत चिन्हहरूलाई स्पष्ट र व्यवस्थित बनाइनेछ।

चर्किएका वा उक्किएका भित्ताहरूको मर्मत र रङ्गरोगन गरि मुख्य सेवा क्षेत्र र प्रवेशद्वारलाई आकर्षक र सफा राखिने जनाएको छ।

# २१ वर्षदेखि फरार सवारी ज्यान मुद्दाका आरोपी पक्राउ

**अपन दैनिक संवाददाता**
**वीरगन्ज, वैशाख २८ गते**

पर्सा प्रहरीले २१ वर्षदेखि सवारी ज्यान मुद्दाका फरार एक आरोपीलाई पक्राउ गरेको छ।

विशेष सूचनाका आधारमा प्रहरीको टोलीले घरमा लुकीछिपी बस्दै आएका फरार आरोपीलाई पक्राउ गरेको जनाएको छ।

प्रहरीले जिल्लाको पर्सागढी नगरपालिका वडा नम्बर-५ निवासी ४७ वर्षीय दिनेश प्रसाद यादवलाई पक्राउ गरेको पर्सा प्रहरी प्रमुख सुदिपराज पाठकले जानकारी दिए।

उनका अनुसार ०६२ सालको मसिर १५ गते वीरगन्जको गण्डक चोकमा पैदल यात्रीलाइ ठक्कर दिएका थिए, त्यसपछि उपचारको क्रममा घाइते पैदल यात्री बारा जितपुर निवासी कालिका सिंह राजपुतको मृत्यु भएको थियो। सोही घटनापश्चात् फरार रहेका यादवलाई अहिले पक्राउ परेका प्रहरीले जनाएको छ।

पक्राउ परेका यादवलाई जिल्ला प्रहरीको हिरासतमा राखी सवारी ज्यान मुद्दामा अनुसन्धान सुरु गरिएको पर्सा प्रहरीको कार्यालयले जानकारी दिएको छ।

## मधेश प्रदेशसभाको सातौं अधिवेशन .........

२०८३ जेठ १ गते शुक्रबार दिनको ११ बजेबाट लागू हुने गरी मधेश प्रदेशसभाको सातौं अधिवेशन आह्वान गरेको व्यहोरा उल्लेख छ।

## पाठेघर जाँच शिविरमा महिलाको .............

झन्डै ६ सय जना महिलाको पाठेघर चेकजाँच भएको नगर प्रमुख महेशप्रसाद चौधरीले जनाए। पाठेघरको जाँच अत्यन्तै आवश्यक भए पनि जाँच नै नगराउने प्रवृत्ति रहेको र यसलाई अन्त्य गर्ने उद्देश्यले गाउँटोलमै शिविर चलाइरहेको उनले बताए।

'पाठेघरको जाँच अत्यन्तै आवश्यक छ, तर हाम्रो समाजमा अझै यसप्रति महिलाहरू अप्ठ्यारो मान्ने स्थिति छ,' नगर प्रमुख चौधरीले भने, 'त्यसैले जाँचसँगै महिलालाई स्वास्थ्य सचेतना पनि दिने उद्देश्यले गाउँटोलमै गएर शिविर चलाएका हौं।'

शिविरका क्रममा क्यान्सर नै लागेका बिरामी नभेटिए पनि संक्रमण भएका, पाठेघरमा सिस्ट भएका जस्ता बिरामी भेटिने गरेको चिकित्सक डा. गीता यादवले बताइन्। शिविरमा फेला परेका बिरामीलाई निःशुल्क औषधि र आवश्यक पर्नेलाई लहानस्थित क्यान्सर केयर सेन्टरमा थप उपचार हुने गरेको उनले जानकारी दिइन्।

## बालअधिकार सुनिश्चित गरौं

**बालअधिकार:**

- शिक्षा, स्वास्थ्य र पालनपोषणको अधिकार।
- हिंसा र शोषणबाट जोगिने अधिकार।
- अभिव्यक्ति र सहभागिताको अधिकार।
- माया, स्नेह र संरक्षण पाउने अधिकार।
- खेल र मनोरञ्जनको अधिकार।

**त्यसैले,**

- बालश्रम अन्त्य गरौं।
- सबै बालबालिकालाई विद्यालय पुऱ्याऔं।
- बालबालिकाको आवाज सुन्ने संस्कार बसालौं।
- बालमैत्री समाजको निर्माण गरौं।

**"आजका बालबालिका, भोलिका कर्णधार"**

**धनगढीमाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, धनगढीमाई**
मधेश प्रदेश, सिरहा (नेपाल)

# अपराधमा प्रहरी

## मधेश प्रदेशमा सेटिङमा तस्करीदेखि असुलीका घटनासम्ममा प्रहरी कर्मचारीको संलग्नता

**वीरेन्द्र रमण**
**जनकपुरधाम, वैशाख २८ गते**

गत वैशाख पहिलो साता धनुषाका प्रहरी र व्यापारीबीचको एक अडियो संवाद बाहिरियो। मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख, प्रहरी नायब महानिरीक्षक (डीआईजी) गोविन्द थपलियाको नाममा घुमुवा प्रहरीले व्यापारीहरूसँग तस्करी सलामी दस्तुर असुलेको कुरा अडियोमा थियो।

अडियो सार्वजनिक भएपछि आर्थिक लेनदेनको विवादबारे मधेश प्रदेश प्रहरी र जिल्ला प्रहरी कार्यालयबीचमा तिक्तता बढ्यो। अडियो संवादमा प्रदेश प्रहरी प्रमुख थपलियाको नाममा पैसा उठाइएको भनिए पनि घटनाले अर्कै मोड दियो।

यसबारे मधेश प्रदेश प्रहरी कार्यालयले प्रारम्भिक अनुसन्धानकै आधारमा जिल्ला प्रहरी कार्यालय, धनुषाका प्रहरी वरिष्ठ नायब निरीक्षक (वरिष्ठ सई) सागरशमशेर राणालाई निलम्बन गऱ्यो। राणाले एक व्यवसायीसँग आफैं फोन गरी बनावटी कथा रचेर अडियो बनाई सञ्चारमाध्यममार्फत प्रसारण गर्न लगाएको र प्रहरी संगठनलाई नै बदनाम गर्ने गरी आचरणविपरीत कार्य गरेको ७ वैशाखमा मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरधामले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ।

साउन २०८२ मा सर्लाहीको हिरापुरमा कार्यरत प्रहरी नायब निरीक्षक (सई) वैद्यनाथ दासले तस्करसँग १८ हजार रुपैयाँ मागेको अडियो सामाजिक सञ्जालमा भाइरल भयो। अडियो सार्वजनिक भएलगत्तै प्रहरी प्रधान कार्यालयले २ साउनमा सई दासलाई निलम्बन गऱ्यो।

पूर्व-पश्चिम राजमार्गमा जिप चालकसँग घुस लिएको आरोपमा २० साउन २०८० मा रौतहट र सर्लाहीका दुई प्रहरी निलम्बनमा परे। रकम लिएको भिडिओ सामाजिक सञ्जालमा आएपछि प्रहरी प्रधान कार्यालयको निर्देशनमा रौतहटको इलाका प्रहरी कार्यालय गरुडाअन्तर्गतको प्रहरी चौकी, हर्षाहाका प्रहरी जवान सुनीलकुमार यादव र प्रदेश राजमार्ग ट्राफिक कार्यालय पथलैयाअन्तर्गतको बागमती पोस्ट, सर्लाहीमा कार्यरत ट्राफिक प्रहरी जवान विकास कलवारलाई निलम्बन गरिएको थियो।



सिरहामा मदिरा चोरेको आरोपमा १७ जेठ २०७८ मा इलाका प्रहरी लहानका असई नवलकिशोर ठाकुर तथा प्रहरी जवानद्वय अन्नुकुमार राय र नरेशकुमार राय निलम्बनमा परे। उक्त वर्षको ९ जेठमा लहान नगरपालिका-२३, गढिया चोकमा रहेको एसके होटलमा तीनै जनाले रक्सी चोरेको भिडिओ सार्वजनिक भएपछि मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरले उनीहरूलाई निलम्बन गरेको थियो। निषेधाज्ञाको बेला होहल्ला नियन्त्रण गर्न खटिएको प्रहरी टोली पुष्पासाथ होटल सञ्चालक भागेपछि उनीहरूले विभिन्न ब्रान्डका रक्सी लिएर निस्केको भिडिओ सामाजिक सञ्जालमा भाइरल भएको थियो।

यी त केही प्रतिनिधि घटना मात्र हुन्। कानुनविपरीतका कार्य गर्ने र अपराधमा संलग्नलाई नियन्त्रणमा लिएर कानुनी दायरामा ल्याउने जिम्मेवारी बोकेका प्रहरीहरू आफैं गैरकानुनी कार्यमा जोडिने गरेका धेरै घटना छन्। जसमा आर्थिक अपराधदेखि फौजदारी अपराधसम्म छन्।

संगठनको आचरणविपरीत कार्य गरेको आरोपमा धेरै प्रहरी विभागीय कारबाहीमा पर्ने गरेका छन्। त्यसमा पनि तराई मधेशका सीमावर्ती क्षेत्रमा खटिने प्रहरीहरू तस्करसँगको साँठगाँठ र लेनदेनको विषयमा मुछिने गरेका छन्। सीमावर्ती जिल्लाका प्रहरी चौकीहरूमा तस्करहरूको सहज पहुँच हुनाले सेटिङमा तस्करी हुने गरेको आरोप लाग्ने गरेको छ। यस्ता कतिपय घटना सार्वजनिक हुँदा जनमानसमा प्रहरीको छवि धमिलिने गरेको छ।

शान्ति-सुरक्षाको व्यवस्था र अपराध नियन्त्रणको दायित्व पाएका प्रहरीहरू पदीय जिम्मेवारीबाट विमुख हुँदा संगठनको व्यावसायिक आचरण विपरीतका घटना मौलाउँदै गएको सुरक्षाका जानकारहरू बताउँछन्। पूर्वप्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल प्रहरी कर्मचारीहरूको आचरण र व्यवहार सदैव असल र नागरिकमैत्री हुनुपर्नेमा त्यसमा कमजोरी हुँदा यस खालका घटना हुने गरेको बताउँछन्। "प्रत्येक प्रहरी कर्मचारीले आफ्नो पदअनुसारको काम, कर्तव्य र जिम्मेवारी बोध गरेर तथा संगठनको गरिमा उच्च राख्ने गरी काम गर्नुपर्छ। तर, त्यो बाटो बिराउँदा कतिपय कर्मचारी गलत कार्यमा जोडिएका घटना आउने गरेका छन्," उनी भन्छन्।

**मधेशमा ६ वर्षमा १४ सयलाई कारबाही**

प्रहरी प्रधान कार्यालयको तथ्यांकअनुसार मधेश प्रदेशमा आर्थिक वर्ष २०७७/७८ देखि चालु आव २०८२/८३ को चैतसम्म एक हजार ४४९ जना प्रहरी कर्मचारी कारबाहीमा परेका छन्। यसमध्ये प्रहरी जवानको संख्या सबैभन्दा धेरै छ।

आव २०७७/७८ मा १९१, आव २०७८/७९ मा २१९, आव २०७९/८० मा २९८, आव २०८०/८१ मा २३५, आव २०८१/८२ मा ३२२ जना प्रहरी कर्मचारी कारबाहीमा परेका छन्। चालु आव २०८२/८३ को चैतसम्म मात्रै १८४ जना प्रहरीलाई कारबाही गरिएको प्रहरी मुख्यालयको तथ्यांक छ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख, डीआईजी गोविन्द थपलिया प्रहरी पनि यसै समाजको भएकाले कमजोरीका घटना हुने गरेको बताउँछन्। प्रहरी कर्मचारी कहीं चुकेमा सिंगो संगठनकै बदनामी हुने भएकाले व्यावसायिक आचरणप्रति गम्भीर बन्नुपर्ने उनको भनाइ छ। "सबैले आआफ्नो व्यावसायिक धर्म र मर्यादा पालना गर्नुपर्छ। नागरिकलाई केन्द्रमा राखेर शान्ति-सुरक्षाको आकांक्षा पूरा गर्न प्रहरी क्रियाशील हुनुपर्छ," उनी भन्छन्।

उनी प्रहरीलाई जिम्मेवार र व्यावसायिक बनाउन अहिले शुद्धीकरण अभियानसमेत चलाइएको र यसअन्तर्गत गलत गर्नेलाई कारबाही र राम्रो गर्नेलाई पुरस्कृत गर्ने नीति लिएको बताउँछन्। भन्छन्, "प्रहरी संगठनलाई जनताको साथी बनाउन निरन्तर कामहरू गर्दै जाने हाम्रो योजना छ।"

५ आ.व. र चालु आ.व. चैत्र सम्म मधेश प्रदेशमा प्रहरी कर्मचारी कारबाही विवरण

| आ.ब. | प्रउ | प्रनाउ | प्रनि | प्रवनानि | प्रनानि | प्रसनि | प्रवह | प्रह | प्रसह | प्रज | प्रकास | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७७।७८ | | १ | ५ | ० | १९ | ३१ | ० | ४९ | ० | ८३ | ३ | १९१ |
| २०७८।७९ | १ | १ | ३ | ० | १० | ३० | २ | ६६ | ७ | ९५ | ४ | २१९ |
| २०७९।८० | | १ | ४ | ५ | ६ | २१ | १२ | ५४ | ५३ | १३८ | ४ | २९८ |
| २०८०।८१ | १ | २ | २ | ४ | ५ | २५ | १० | ३३ | ५५ | ९६ | २ | २३५ |
| २०८१।८२ | | | ३ | १ | ६ | २८ | १६ | ६१ | ५९ | १४० | ८ | ३२२ |
| २०८२।८३ चैत्र सम्म | १ | १ | २ | २ | ५ | १४ | २ | २८ | ३८ | ८४ | ७ | १८४ |
| जम्मा | ३ | ६ | १९ | १२ | ५१ | १४९ | ४२ | २९१ | २१२ | ६३६ | २८ | १४४९ |

## सडक खाली गराउने भन्दै वडाध्यक्षले स्थानीयलाई ...........

सञ्जालमा सार्वजनिक भएपछि स्थानीय तहको कार्यशैलीमाथि गम्भीर प्रश्न उठेको छ। भिडियोमा वीरेन्द्र साहको हात गम्छाले रुखमा बाँधिएको देखिन्छ भने वडाध्यक्ष यादवले उनलाई हप्काइरहेको दृश्यसमेत देखिएको छ।

स्थानीय रामएकवाल यादवका अनुसार पिपरा टोलमा एक वर्षअघि कृषि सडक निर्माण गरिएको थियो। तर सडक निर्माणका क्रममा वीरेन्द्र साहको जग्गा एकतर्फी रूपमा प्रयोग गरिएको भन्दै विवाद उत्पन्न भएको थियो।

सोही सडक अतिक्रमण भएको भन्दै सोमबार वडाध्यक्षसहितको टोली सडक खाली गराउन पुगेको थियो। आफ्नो मात्रै जग्गा प्रयोग गरेर सडक बनाइएको भन्दै वीरेन्द्र साहले विरोध गरेपछि विवाद चर्किएको स्थानीयको भनाइ छ।

"कृषि सडक निर्माण गर्दा दुवैतर्फबाट बराबरी जग्गा लिनुपर्ने हो। तर वीरेन्द्र साहकै जग्गा बढी प्रयोग गरेर सडक बनाइएको छ," स्थानीय रामएकवाल यादवले भने, "विरोध गरेपछि मोबाइलसमेत खोसियो र रुखमा बाँधेर सडक खाली गरियो। यो सरासर दादागिरी हो।"

यता वडाध्यक्ष जीवछ यादवले भने आफूहरूले कुनै अमानवीय व्यवहार नगरेको दाबी गरेका छन्। उनका अनुसार सडक अतिक्रमण हटाउने क्रममा वीरेन्द्र साह लाठी लिएर आक्रमण गर्न खोजेपछि स्थानीय युवाले नियन्त्रणका लागि हात बाँधेका हुन्।

"गत वर्ष नै बाटो निर्माण भएको थियो। सोमवार खाली गराउन जाँदा उनी लाठी लिएर आउनुभयो," वडाध्यक्ष यादवले भने, "कुटपिट हुनसक्ने अवस्था देखिएपछि युवाहरूले केही समयका लागि हात बाँधेका हुन्।"

घटनापछि स्थानीयस्तरमा तीव्र आलोचना सुरु भएको छ। युवा नेता सन्तोष यादवले सामाजिक सञ्जालमार्फत वडाध्यक्षको कार्यशैलीप्रति आपत्ति जनाउँदै तत्काल कारबाहीको माग गरेका छन्।

"जनतालाई रुखमा बाँधेर विकास निर्माण गरिनु लोकतान्त्रिक अभ्यास होइन," उनले लेखेका छन्, "मानिसलाई नै बन्धक बनाएर गरिएको यस्तो व्यवहार शक्तिको दुरुपयोग हो। यस्तो अमानवीय हर्कतमा संलग्न जनप्रतिनिधिमाथि तत्काल कारबाही हुनुपर्छ।"

घटनाले स्थानीय तहमा जनप्रतिनिधिको आचरण, अधिकारको प्रयोग र नागरिक अधिकारको संरक्षणबारे गम्भीर बहस सिर्जना गरेको छ।

## स्वच्छ शहर: स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं।
- सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं।
- तोकिएको स्थानमा मात्र फोहोर फालौं।
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं।
- सार्वजनिक स्थलका बोटबिरुवा तथा फूलको संरक्षण गरौं।
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं।
- ध्वनि र वायु प्रदूषण कम गरौं।
- सडकको समयसमयमा मर्मतसम्भार गरौं।
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौं: सुन्दर बनाऔं।**

**विष्णुपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर**
मधेश प्रदेश, सिरहा (नेपाल)